# महाभारत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक

स्था. २०७३

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८ च. नं :-

मिति २०७८।०२।२४

विषय: विद्यार्थी मूल्यांकन र नतिजा प्रकाशन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु (सबै)
महाभारत गाउँपालिका ।

प्रस्तुत विषयमा विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड १९ को कारणले विद्यार्थी मूल्यांकन तथा परीक्षा कार्यक्रम स्थगन गरिएको व्यहोरा विदितै छ । हालको परिवेशमा विद्यार्थीहरुको भौतिक उपस्थितिमा परीक्षा संचालन गर्न सकिने अवस्था नभएको तथा असार १ गतेदेखि नै नयाँ शैक्षिकसत्र सुरु हुने भएकाले तपशिल बमोजिम विद्यार्थीहरुको मूल्यांकन गरी मिति २०७८।०२।२९ गतेभित्र नतिजा प्रकाशन गर्न गराउन हुन अनुरोध गरिन्छ ।

तपशिल

| कक्षा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | उपस्थिति | परियोजना कार्य रेकर्ड | कक्षा कार्यमा सहभागिता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ देखि ३ सम्म | ३७.५% | ३७.५% | ५% | १०% | १०% | Theory and Practical दुवैखाले मूल्यांकन यसै आधारमा गर्नु पर्नेछ । |
| ४ देखि ५ सम्म | ३७.५% | ३७.५% | ५% | १०% | १०% | |
| ६ देखि ७ | ३७.५% | ३७.५% | ५% | १०% | १०% | |

**पुनश्चः** मूल्यांकन गर्दा देहाय अनुसार गर्नु पर्नेछ ।

- मूल्यांकन गर्नुपर्ने अंकभारलाई शत प्रतिशत भनी निर्धारण गर्नुपर्ने ।
- प्रत्येक त्रैमासिक परीक्षामा हासिल गरेको प्रत्येक विषयगत अंकको माथि दिएको तालिका अनुसारको प्रतिशत निकाल्ने ।
- यसरी शत प्रतिशत अंकको जोडजम्मा गरिसकेपछि अन्तमा प्रत्येक विषयको वास्तविक अकंमा रुपान्तरण गर्ने र नतिजा प्रकाशन गर्ने ।
- हाजिरी गणना गर्दा न्यूनतम हाजिरी प्रतिशतलाई आधारमानी गणना गर्नुपर्ने छ ।
- कक्षा १ देखि ३ सम्मको मूल्यांकन गर्दा पहिलो र दोस्रो त्रैमासिकभित्र गरिएका निरन्तर मूल्यांकनका आधारमा विद्यार्थीहरुले प्राप्त गरेको प्रतिशतका आधारमा गर्नुपर्नेछ ।
- कक्षा ८ को परीक्षा सम्बन्धमा सूचना पछि प्रकाशन गरिनेछ ।

हरी सिंह बिष्ट
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः
श्री वडा कार्यालयहरु, (सबै), महाभारत गाउँपालिका, काभ्रेः आवश्यक समन्वय गरिदिनुहुन ।

**Url:** mahabharatmun.gov.np **Phone No:** 9866294010 **Email:** mrmedusection@gmail.com